# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौँ, पुस १९ गते, २०६७ साल (संख्या ३७


## भाग ५

नेपाल सरकार

### श्रम तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकारले श्रम ऐन, २०४८ को दफा २१ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी चिया बगान बाहेकका औद्योगिक प्रतिष्ठानमा कार्यरत कर्मचारी तथा कामदारहरुको न्यूनतम पारिश्रमिक निर्धारण गर्नको लागि देहाय बमोजिमको न्यूनतम परिश्रमिक निर्धारण समिति गठन गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

| | | |
|---|---|---|
| (क) | श्री पूर्णचन्द्र भट्टराई,सह-सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | -संयोजक |
| (ख) | महानिर्देशक, श्रम विभाग | - सदस्य |
| (ग) | श्री धिरेन्द्र कुमार सिंह, प्रतिनिधि, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र | - सदस्य |
| (घ) | श्री गणेश रेग्मी, प्रतिनिधि, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र | - सदस्य |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) श्री हरिदत्त जोशी, प्रतिनिधि, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र - सदस्य

(च) श्री प्रदिपजङ्ग पाण्डे, प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(छ) श्री अशोक तोदी, प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(ज) श्री प्रशान्त कुमार पोखरेल, प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(झ) श्री नविन कुमार पोखरेल, वरिष्ठ कारखाना निरीक्षक, श्रम तथा यातायात व्यवस्था मन्त्रालय -सदस्य-सचिव

आज्ञाले,
दिनेशहरि अधिकारी
नेपाल सरकारको सचिव

नेपाल सरकार

अर्थ मन्त्रालयको

सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी तीलगंगा आँखा केन्द्रका लागि The Fred Hollows Foundation, Australia बाट उपहार स्वरुप प्रदान गरिने यूरो १६,४९४.०० (सोह्र हजार चार सय चौरानव्वे) मूल्य बराबरका Standard Endotoxin 500 NG Vial समेतका आँखा उपचारमा प्रयोग हुने सामग्रीहरु र Himalayan Cataract Project, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ७२,०००.०० ( बहत्तर हजार) मूल्य बराबरका Accurus 800cs Multifunction System समेतका आँखा उपचारमा प्रयोग हुने सामग्रीहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी तीलगंगा आँखा केन्द्रको लागि The Fred Hollows Foundation, Australia बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ६३,०००.०० (त्रिसट्ठी हजार) मूल्य बराबरको आँखा उपचारमा प्रयोग हुने छ सय थान Vistacryl CQ UV Sheet सामग्रीहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको लागि Tekno Company, Germany बाट यूरो १,९४६.५० (एक हजार नौ सय छयालीस, सेन्ट पचास) मूल्य बराबरको Telescope, Axios Healthcare Development, Inc, USA बाट अमेरिकी डलर ८,००,७८८.०० (आठ लाख सात सय अठासी) मूल्य बराबरको Stutent र Orfit Industries NV, Belgium बाट यूरो १३,३५०.०० (तेह्र हजार तीन सय पचास) मूल्य बराबरका 4 PT Head Neck Shoulder समेत स्वास्थ्य उपकरण तथा औषधिहरु आयात गर्दा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ

सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध विकलाङ्ग मित्र समूह नामको गैर सरकारी संस्थाद्वारा सञ्चालित अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र, वनेपाका लागि Rotary Club of Bellevue, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १७,०००.०० (सत्र हजार) मूल्य बराबरको एक थान X-Ray



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४१५

Machine आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध पार्कस फाउण्डेसन, नेपाल नामक गैर सरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रमको लागि Park Young Seok Exploration and Culture Foundation, Korea बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १०,०००.०० (दश हजार) मूल्य बराबरको चालीस थान कम्प्यूटर आयात गर्दा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ

सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको लागि Varian Medical Systems, Hong Kong बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १२,७९२.४८ (बाह्र हजार सात सय बयानव्वे, सेन्ट अठचालीस) मूल्य बराबरका Brachytheraphy स्वास्थ्य उपकरण तथा स्पेयर पार्टसहरु आयात गर्दा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय रक्त सञ्चार सेवा, काठमाडौले Sanwa Enterprises, Hong Kong बाट अमेरिकी डलर ८,७७४.७६ (आठ हजार सात सय चौहत्तर, सेन्ट छैहत्तर) मूल्य बराबरका HIV र HCV Kits आयातगर्दा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी Society of Ex-Budhanilkantha Students काठमाडौंले २६ अक्टोवरदेखि ५ नोभेम्वर, २०१० सम्म धनकुटा जिल्ला अस्पतालमा नि:शुल्क रुपमा सञ्चालन गर्ने स्वास्थ्य शिविरका लागि ALOHA Medical Mission Hawai, USA बाट अमेरिकी डलर ४००.०० (चार सय) मूल्य बराबरको स्वास्थ्य उपकरण आयात गर्दा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ९

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी आरती बहुउद्देश्यीय सहकारी संस्था लि., पथरी, मोरङ्गले भारतबाट खरिद गर्ने भा.रु. ५,२९,९१६.०० (पाँच लाख उनान्तीस हजार नौ सय सोह्र) मूल्य बराबरको एक थान महिन्द्रा एम्वुलेन्स आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १०

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी वेईजिङ्ग, चीनस्थित नेपाली राजदूतावासको चान्सरी तथा आवास भवन मर्मत सम्भार कार्यका लागि बन्दिपुरे सप्लायर्स, ठमेल, काठमाडौं मार्फत् अमेरिकी डलर ९,२३२.०० (नौ हजार दुई सय बत्तीस) मूल्य बराबरको काठको एक थान ढोका तथा छ थान झ्याल निकासी गर्दा लाग्ने निकासी महसुल पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ११

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी शारिरिक रुपले अपाङ्ग भएका तपसिल बमोजिमका व्यक्तिहरुले खरिद गरी ल्याउने चार पाङ्ग्रे स्कुटर आयात गर्दा अन्त:शुल्क पूरै छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तपसिल

| क्र.सं. | नाम थर | ठेगाना |
|---|---|---|
| १ | प्र.ना.नि. श्री सूर्यबहादुर सार्की (नेपाली) | मरनठाना गा.वि.स. २, प्यूठान |
| २ | प्र.ना.नि. श्री किशोर शाही | दाहा गा.वि.स. ५, कालिकोट |
| ३ | पूर्व प्र.ना.नि. श्री दयाप्रसाद थारु | मैनापोखर गा.वि.स ५, वर्दिया |
| ४ | प्र.स.नि. श्री नरेश वस्नेत | फत्तेपुर गा.वि.स. ४, सप्तरी |
| ५ | प्र.ह. श्री देवबहादुर थापा | गजुल गा.वि.स. ३, रोल्पा |
| ६ | प्र.ह. श्री पुरनदास भट्टराई | आश्विदीन गा.वि.स. ७, ताप्लेजुङ्ग |
| ७ | प्र.ज. श्री लालबहादुर बि.क. | हेकुली गा.वि.स. ८, दाङ्ग |
| ८ | प्र.ज. श्री भक्तिराम महतो | कोल्हवा गा.वि.स. ७, नवलपरासी |
| ९ | प्र.ज. श्री लालबहादुर खड्का | हनुमाननगर गा.वि.स. ६, सप्तरी |

सूचना १२

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर क्यान्सर अस्पतालको लागि Mallinckrodt Medical B.V., Netherlands बाट उपहार स्वरुप प्रदान गरिने यूरो १,२१४.८१ (एक हजार दुई सय चौध, सेन्ट एकासी) मूल्य बराबरका अर्वूद रोग पिडित विरामीको उपचारमा उपयोग हुने ब्रकीथेरपी मेशीनको Source आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना १३

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल अष्ट्रिया साझेदारी संस्था, सिमिकोट, हुम्लाका लागि Nepal Trust Austria, Austria बाट अनुदान स्वरुप प्रदान गरिने यूरो ३,२५०.०० (तीन हजार दुई सय पचास) मूल्य बराबरका स्वास्थ्य उपकरणहरु आयात गर्दा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना १४

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौंका लागि UNICEF बाट अनुदान स्वरुप प्रदान गरिने यूरो ९,९३०.१० (नौ हजार नौ सय तीस, सेन्ट दश) मूल्य बराबरका 5 Liter को Safety Box हरु र अमेरिकी डलर १,१०,७२७.८० (एक लाख दश हजार सात सय सत्ताईस, सेन्ट असी) मूल्य बराबरका DPT Hep.B-Hib Vaccine लगाउन आवश्यक पर्ने 0.5 ml Syringe हरु आयात गर्दा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
राजीव गौत
सहसचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।